# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ५, बुटवल

| आ.व. २०७७/२०७८ श्रावण महिनामा सम्पादित मुख्य मुख्य कार्यक्रमका बुँदागत विवरण | | |
|---|---|---|
| क्र.सं | कार्यक्रमहरु | प्रगति |
| १ | कानुन तर्जुमा (कार्यविधि निर्माण) | • कूल तयार गर्नु पर्ने (नयाँ): ३<br>• संशोधन गर्नुपर्नेः ४<br>• मस्यौदा तयार भइ सहमतिका लागि पठाइएकोः ४<br>• मस्यौदा तयार गर्ने क्रममा रहेकोः ０<br>• आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट सहमति प्राप्तः२<br>• आर्थिक मामिला तथा योजना मन्त्रालयबाट सहमति प्राप्तः०<br>• मन्त्रिपरिषदबाट स्वीकृत हुनु पर्नेः ४<br>• मन्त्रिपरिषदबाट स्वीकृत भएकाः ०<br>• मन्त्रालयबाट स्वीकृती भएकाः ० |
| २ | सहकारी विकास तर्फ | • सहकारी नियमावली, २०७६ स्वीकृत भएको।नियमावली संशोधन सहमतिका लागि आन्तरिक मामिला तथा कानुन मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाइएको।<br>• सहकारी विकास कोष संचालनः संचालनका लागि मन्त्रालयबाट प्रदेश लेखा नियन्त्रक कार्यालयको विविध खातामा रकम रु १५ करोड जम्मा गरेको।<br>• सहकारी विकास कोष परिचालन कार्यविधि, २०७७ पारित भइ सहकारी संस्थाहरुका लागि सहुलियत कर्जा मागका लागि प्रस्ताव आव्हान भएको।<br>• सहकारी दर्ता दिग्दर्शन, २०७७ स्वीकृत भएको।<br>• अर्घाखाँची, पाल्पा र पूवी रुकुम जिल्लाको लागि सहकारी बजार स्थापना कार्यक्रमको सूचना प्रकाशन गरिएको।<br>• सहकारी अनुगमन मूल्याङ्कन कार्यविधि, २०७७ निर्माण अन्तिम चरणमा पुगेको।<br>• रोल्पा, बाँके र रुपन्देहीमा नमुना सहकारी गाँउ स्थापना कार्यक्रमको कार्यविधिको मस्यौदा तयार भएको। |
| ३ | गरिबी निवारण कार्यक्रम तर्फ | • कार्यक्रम कार्यान्वयन कार्यविधि संशोधनको सहमतिका लागि आर्थिक मामिला तथा योजना मन्त्रालय तथा आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा पेश भएको।<br>• आ.व. २०७६/७७ मा कार्यक्रमका लागि छनौटमा परेका |

| | | |
|---|---|---|
| | | सेवाग्राहीहरुलाई तालिम तथा परामर्श प्रदान गर्नका लागि परामर्शदाताहरुको छनौट अन्तिम चरणमा पुगेको।<br>• आ.व. २०७७/७८ मा तालिम तथा वस्तुगत सहयोग कार्यक्रम संचालनका लागि सुचना प्रकाशन गरी प्रस्ताव आव्हानको अन्तिम तयारी भइरहेको। |
| ४ | भूमि तथा गुठी तर्फ | • स्थानीय तहसंगको सहकार्यमा करार खेती कार्यक्रमको कार्यविधि संशोधन प्रकृया भइरहेको।<br>• आ.व. २०७५/७६ तथा २०७६/७७ मा संचालन भएका करार खेती कार्यक्रमका जग्गाधनीहरुको भुक्तानी विवरण तयर भएको।<br>• नियन्त्रण विन्दु स्थापना गर्ने यन्त्र उपकरण खरिद कार्यक्रमका लागि उपकरणहरुको आवश्यक Specification हरु तयार भएको।<br>• आ.व. २०७७/७८ मा संचालन हुने नयाँ स्थानीय तहको सहकार्यमा करार खेती कार्यक्रमको सुचना प्रकाशनको तयारी भएको। |
| ५ | कोविड विशेष कृषि कार्यक्रम | • स्थानीय तहहरु मार्फत संचालन हुने कार्यक्रमहरुको लागि कर्मचारी मागको आसय पत्र माग गरिएको।<br>• कर्मचारी भर्ना तथा नियुक्तिको लागि कार्यविधि निर्माणको अन्तिम मस्यौदा तयार भएको। |
| ६ | हरित स्वयम् सेवक विकास तथा परिचालन कार्यक्रम | • हरित स्वयम् सेवक विकास तथा परिचालन कार्यक्रम अन्तर्गत प्रदेशका १०९ स्थानीय तहका ४५८ वडाबाट श्रोत व्यक्तिको छनौट कार्य सम्पन्न भएको। बाँकी अन्य वडाहरुका लागि छनौट प्रकृया अन्तिम चरणमा पुगेको। |
| ७ | स्मार्ट कृषि गाउँ कार्यक्रम | • आ.व. २०७७/७८ मा संचालन हुने थप ४० स्मार्ट कृषि गाउँ मध्ये १७ वटा स्मार्ट कृषि गाउँहरुको लावि विवरण/प्रस्ताव प्राप्त भएको। बाँकी गाउँहरुको छनौटको लागो समन्वय भइरहेको।<br>• स्मार्ट कृषि गाउँ कार्यक्रम प्रगति पुस्तिका तथा अन्य सन्देशमुलक प्रकाशनहरुको लागि विवरण संकलन भइरहेको। |
| ८ | शुलभकर्जा | • बैंक तथा वित्तिय संस्थाहरुसंग कृषकहरुलाई ब्याजमा अनुदान |

| | | |
|---|---|---|
| | सहजिकरण कार्यक्रम | प्रवाह सम्बन्धि अन्तरकृया गोष्ठी (अनलाइन) सम्पन्न गरिएको।<br>• "सबै कृषकका लागि शुलभकर्जा अभियान" लाई थप प्रभावकारी बनाउनका लागि ब्याजमा अनुदान प्रकृया सम्बन्धि सहयोगी पुस्तिकाको निर्माण भइरहेको। |
| ९ | कृषि कर्मी रोजगारी कार्यक्रम | • कृषिकर्मी रोजगारी कार्यक्रम अन्तरगत रोजगारदाताहरु छनौटका लागि सुचना प्रकाशन भएको। |
| १० | पशु स्वास्थ्य तर्फ | • हालसम्म कृषि गर्भाधान सेवा प्रदान तर्फ (गाई, भैंसी, बाख्रा) ३५१७, पशुस्वास्थ्य कार्यक्रम तर्फ (पशुपन्छीको उपचार सेवा) १३००, रोग निदान प्रयोगशाला सेवा तर्फ (गोबर परिक्षण, थुनेलो परिक्षण तथा शव परिक्षणका) जम्मा ३०७ कार्य सम्पन्न, रोग नियन्त्रण (खोप) सेवा तर्फ १९९ वटा कुखुरा, कुकुर, भेडा, बाख्रा, बिरालो आदिमा भ्याक्सिनेसन सेवा प्रदान तथा ६३४ वटा परिजिवि नियन्त्रण कार्यक्रम सम्पन्न भएको। साथै रु.१०,७१,८४१ राजश्व संकलन भएको। |
| ११ | गोष्ठि तथा कार्यशाला | • प्रदेश ५ अन्तर्गतका मौरी व्यवसायीहरुसंगको अन्तरकृया कार्यक्रम सम्पन्न भएको।<br>• सम्बन्धित निर्देशनालयहरु मार्फत संचालन हुने वार्षिक समिक्षा गोष्ठी सम्पन्न गरिएको।<br>• आवश्यकता अनुरुप कार्यविधि लगायत विभिन्न विषयमा भर्चुअल गोष्ठी तथा बैठक संचालन भइरहेको। |
| १२ | प्रकाशन तथा अभिलेखिकरण | • कर्मचारी दैनिक कार्यसम्पादन अभिलेख पुस्तिका प्रकाशन भइ कर्मचारीहरुमा वितरण गरिएको।<br>• मध्यकालिन खर्च संरचना, आ.व. २०७७/७८ को वार्षिक नीति तथा कार्यक्रम, बजेट वक्तव्य तथा वार्षिक विकास कार्यक्रम सहितको एकिकृत पुस्तिका छपाईको अन्तिम चरणमा पुगेको।<br>• खाद्य वासलात सम्बन्धि विवरण तथा प्रदेशका विषादि विक्रेताको प्रोफाइल निर्माणका लागि तथ्याङ्क संकलन भइरहेको।<br>• कोविडका कारण कृषि क्षेत्रमा परेका असर तथा मन्त्रालयका प्रयास सहितको पुस्तिका प्रकाशनको तयारी भइरहेको। |

| | | |
|---|---|---|
| १३ | कार्यक्रम अनुगमन | • शित भण्डार लगायतका यस मन्त्रालयबाट तथा मातहतबाट संचालन भएका सम्पुर्ण कार्यक्रमहरुको अनुगमन तथा पृष्ठपोषण कार्य निरन्तर भइरहेको। |
| **२०७७ भाद्र महिनामा सम्पादन हुने मुख्य मुख्य कार्यक्रमका बुँदागत विवरण** | | |
| १ | कार्यविधि तयारी तथा स्विकृती | आ. व. २०७६/७७ मा संचालन हुने सम्पर्ण कार्यक्रमहरुहरुको आवस्यक कार्यविधिको मस्यौदा तयार भइ र स्विकृत हुने। |
| २ | सेवाग्राहीहरु छनौट | सहकारी बजार स्थापना कार्यक्रम, कृषिकर्मी रोजगारी कार्यक्रम लगायतका सुचना प्रकाशन भएका कार्यक्रमहरुका सेवाग्राहीको छनौट प्रकृया अगाडी बढ्ने। सहकारी तर्फका महिला तथा युवा उद्यमशिलता कार्यक्रममा छनौट भएका अनुदानग्राहीसंग सम्झौता सम्पन्न हुने। |
| ३ | स्मार्ट कृषि गाउँ कार्यक्रम | आ.व. २०७७/७८ मा संचालन हुने गाँउहरुको छनौट कार्य सम्पन्न हुने। वार्षिक कार्ययोजना निर्माणको काम सम्पन्न हुने। |
| ४ | कर्मचारी भर्ना | प्रदेश तथा स्थानीय तहहरु मार्फत संचालन हुने कार्यक्रमहरुको सहजिकरणका लागि गर्नुपर्ने कर्मचारी भर्ना प्रकृया अन्तिम चरणमा पुग्ने। |